नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पार्सगढी, रसुवा

सूचना नं.:-११/२०८३/८४

बागमती प्रदेश नेपाल

विषयः वेपत्ता व्यक्तिको आधिकारिक विवरण संकलन तथा दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना।
(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०७/११)

जिल्ला प्रशासन कार्यालय धुन्चे रसुवाको प.सं. ०८३/८४ चलानी नं.६८२ मिति २०८३/०७/१० को पत्र तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंबाट जारी गरिएको रसुवा भोटेकोशी वाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ अनुसार मिति २०८३/०५/१० गते रसुवा भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता हुनुभएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी अन्तिम प्रमाणीकरण गर्नुपर्ने भएकाले यस गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई उक्त बाढीमा परी कोही व्यक्ति वेपत्ता हुनुभएको भए सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नका लागि मिति २०८३/०७/१८ गतेभित्र देहाय बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

१. <u>नेपाली नागरिक बेपत्ता भएको भए अपनाउनुपर्ने प्रक्रियाः</u>

- **एकाघरका परिवारले पेस गर्नुपर्नेः** बेपत्ता व्यक्तिको एकाघरका परिवारका सदस्यले वेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, एकाघरका परिवार र वेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही वाढीमा बेपत्ता भएको हो भन्ने यसै सूचना साथ संलग्न निवेदन र स्वःघोषणा सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ ।
- **परिवारका सदस्य नभएको अवस्थामाः** वेपत्ता व्यक्तिको एकाघरका कुनै परिवार सदस्य उपलब्ध नभएमा, सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहवरमा वेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्का सहित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ ।

पुनश्चः सूचनाको समयावधि समाप्त भए लगत्तै वडा समितिबाट सिफारिस साथ प्राप्त भएका बेपत्ता व्यक्तिहरुको विवरण जाँचवुझ गरी यस गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

(अण प्रसाद पौडेल)

**नि. प्रमुख प्रशासकीय अधिकृत**

९८५१४३०२३३ info@naukundamun.gov.np https://naukundamun.gov.np